# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७४/०२/२४ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।

---

सोलार कन्स्ट्रकशन एण्ड इनर्जी प्रा.ली. ईटहरी मार्फत गोलानजोर गाउँपालिका र फिक्कल गाउँपालिकामा सोलार जडानको कार्य पश्चात सेवाग्राहीले भुक्तानी माग गर्दा उल्लिखित गाउँपालिकाका कार्यकारी अधिकृतहरूले कमिशन वापत घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा आयोगको कार्यालय, बर्दिबास, महोत्तरीबाट खटिई गएको टोलीले गोलान्जोर गाउँपालिकाका कार्यकारी अधिकृत भोला कुमार आलेलाई रु.१,५१,०००।- (एक लाख एकाउन्न हजार) र फिक्कल गाउँपालिकाका कार्यकारी अधिकृत सतिश भट्टराईलाई रु.९०,०००।- (नब्बे हजार) घुस रकम लिंदै गर्दाको अवस्थामा जिल्ला सिन्धुली, कमलामाई नगरपालिका वडा नं. ६ स्थित नगरपालिकाको कार्यालय नजिकै रहेको सेवाग्राहीको पसलबाट घुस रकम सहित मिति २०७४/०२/२३ गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता